जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्या : ४ मिति २०८०/०४/१०

भाग-१

# जानकी गाउँपालिका दुर्गौली, कैलाली
# सुदूरपश्चिम प्रदेश
# जानकी गाउँपालिका, संघ, संस्था दर्ता ऐन,२०८०

प्रमाणिकरण मिति २०८०/०४/०८

**प्रस्तावना :**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा संस्थाहरुको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) र ऐ. ऐ. दफा ११ को उपदफा (४) (ठ) ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "जानकी गाउँपालिका संघ संस्था दर्ता ऐन, २०८०" रहको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले जानकी गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, समूह, परिषद, अध्ययन केन्द्र आदि सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(ङ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा ब्यवस्था भए बमोजिम जानकी गाउँपालिका, कैलालीको न्यायिक समिति सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले जानकी गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका सम्झनु पर्छ ।

(ज) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको अर्को संघिय वा प्रदेश ऐन सम्झनु पर्छ ।

(झ) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ञ) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय बिकास साझेदार सम्झनु पर्छ ।

(ट) "विधान" भन्नाले यो ऐन अनुसार स्थापित हुने अनुसुची ३ बमोजिमको नमूना विधान अनुसार बनेको संस्थाको विधान सम्झनु पर्छ ।



३. दर्ता नगरी संस्था खोल्न नहुने :

(१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि जानकी गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न हुदैन ।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन । यस दफाको प्रतिकुल हुने गरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

४. संस्थाको दर्ता :

(१) संस्था स्थापना गर्न चाहने ७ देखि बढीमा २१ जना व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाले विधानको दुईप्रति र गाउँ कार्यपालिकाले तोकिदिए बमोजिमको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम ,

(ख) उद्देश्यहरू,

(ग) कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुनुपर्नेछ ।

(क) सम्बन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणित गरेको विधान दुई प्रति (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ। यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसुची १ अनुसार हुनेछ र सो बापत लाग्ने दर्ता तथा नविकरण दस्तुर गाउँ कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।



CS CamScanner

(४) गाउँ कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष उजुरी दिन सक्नेछ।

५. संगठित संस्था मानिने :

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२) संस्थाले गाउँ कार्यपालिकाको पूर्व अनुमति लिई व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्नसक्नेछ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

६. संस्थाको सम्पत्ति :

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ।

२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ।

७. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्ने :

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम जानकी गाउँपालिका क्षेत्रमा केन्द्रिय कार्यालय रहेका संस्थाहरुले गाउँ कार्यपालिकाले तोकेको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल जानकी गाउँपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी कार्य गर्न चाहने संस्थाहरुले ऐनको दफा ४ को उपदफा (१) र (२)



बमोजिम निवेदन दिई प्रमुख प्रशासकीय अधिकृतबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा दर्ता प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ। शाखा दर्ता प्रमाणपत्र दस्तुर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

८. संस्थाको उद्देश्यमा हेरफेर :

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ र उक्त पारित भएका निर्णयहरु प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई लागु गर्नुपर्नेछ।

९. हिसाबको विवरण पेश गर्नुपर्ने : कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण,लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ।

१०. हिसाब जाँच गर्ने :

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाका पदाधिकारीहरु एवं कर्मचारीहरुको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा



CamScanner

निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीवाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ। तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनु पर्नेछ।

११. निर्देशन दिने : जानकी गाउपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१२. दण्ड सजाय :

(१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम शाखा नखोली संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानून अनुसार दण्ड र सजाय दिईनेछ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाई बार्षिक रुपमा नविकरण नगर्ने संस्थाले प्रतिवर्षका दरले दोब्बर नविकरण दस्तुर तिरी तीन आर्थिक बर्षभित्र संस्था नविकरण गराउन सक्नेछन्। पाँच आर्थिक बर्ष सम्ममा पनि नविकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछन्।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले संस्थाको साधारण सदस्यबाट समेत निलम्बन गर्नसक्नेछ।

(४) दफा ८ को (१) र (२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

१३. पुनरावेदन : दफा १२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।



१४. संस्थाको विघटन र त्यसको परिणाम :

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खाम्नेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघिय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ। गाउँपालिकामा दर्ता भएको संस्था यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ।

१६. नविकरण र प्रतिवेदन सम्बन्धी व्यवस्था : दर्ता भएका संस्थाहरुले बार्षिक नविकरण गराउनु पर्नेछ। नविकरणका लागि दिईने निवेदनमा बार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुनु पर्नेछ। नविकरण दस्तुर गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

१७. खारेजी र बचाउ :

(१) यस ऐनको दफा वा उपदफाहरु गाउँपालिकाले आवश्यकता बमोजिम खारेज वा संशोधन गर्न सक्नेछ। त्यसैगरी यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका,कार्यविधि, नियमावली, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ।

(३) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रदेश कानूनसँग बाँझिएको खण्डमा बाँझिएको हद सम्म स्वतः निष्कृय हुनेछ।



CamScanner

अनुसूची १

दफा ४ को उपदफा (३) सँग सम्बन्धित

संघ संस्था दर्ता प्रमाणपत्रको नमुना

दर्ता नं. ................ मिति : ......................

# जानकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली,कैलाली

सुदूरपश्चिम प्रदेश

## संस्था दर्ता प्रमाण-पत्र

जानकी गाउँपालिका वडा नं.................स्थित........................... मा स्थापना भएको ..........................संस्थालाई जानकी गाउँपालिकाको मिति ........................ को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

"यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।"

.................................

प्रमुख प्रशासकीय अधिकृत



अनुसूची २

संस्था दर्ता गर्ने निवेदनको नमुना

मिति :-...............

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जानकी गाउँ कार्यपालिकाको कार्यालय,
दुर्गौली, कैलाली।

विषय : - संस्था दर्ता गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं............ को............... टोलमा स्थापना गरिएको .......................संस्थालाई जानकी गाउँपालिकाको कार्यालयमा दर्ता गरी दिन हुन अनुरोध गर्दछु। यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ।

निवेदक

..................

अध्यक्ष

प्रस्तावित संस्थाको नाम ठेगाना

(क) सम्बन्धित वडाको सिफारिस।
(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना।
(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि।
(घ) संस्थाको प्रमाणित विधान दुई प्रति



CamScanner

## अनुसूची ३
## दफा २ को उपदफा (ट) सँग सम्बन्धित
## विधानको नमूना

............ संस्थाको विधान, २०............

प्रस्तावना :

........................................ (संस्था दर्ता गर्नुको औचित्य/ छोटो पृष्ठभूमि)
.............................................................................................
......................................सामाजिक आर्थिक रुपमा शसक्त सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुट्ने उद्देश्य लिई यस संस्थाको सञ्चालनका लागि .............................. संस्था २०........ को विधान जानकी गाउँपालिका संस्था दर्ता ऐन २०.......... को अधिनमा रहि तर्जुमा गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भ

१. संस्थाको नाम :-..........................................................हुनेछ।
अंग्रजीमा यसलाई..........................................................भनिनेछ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय ..................मा रहनेछ।

(ख) संस्थाको कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रुपमा जानकी गाँपालिका भित्र हुनेछ। प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "संस्था" भन्नाले ..................लाई सम्भिनु पर्छ।

(ख) "विधान" भन्नाले ...............को विधानलाई सम्भिनु पर्छ।



(ग) "समिति" भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्भिनु पर्दछ।

(घ) "सभा" भन्नाले यस विधान अनुसार बन्ने साधारणसभा र विशेष साधारण सभालाई सम्भिनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले यस संस्थाको पदाधिकारीलाई सम्भिनु पर्दछ।

(च) "नियम विनियम" भन्नाले यस विधान बन्ने नियम विनियमलाई जनाउछ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो र यस विधान अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम हुनेछ।

(ज) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्फनु पर्नेछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले जानकी गाउँकार्यपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझाउनेछ।

(ट) "सल्लाहकार" भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियुक्ति गर्ने सल्लाहकारलाई जनाउनेछ।

(ठ) "आर्थिक वर्ष" भन्नाले यस संस्थाको हरेक बर्षको श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मलाई जनाउने छ।

(ड) "सदस्य" भन्नाले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउनेछ।

(ढ) "ऐन" भन्नाले जानकी गाउँपालिका कैलालीको संस्था दर्ता ऐन, २०८० जनाउँछ।

३. संस्थाको छाप र चिन्ह :- संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसुची १ बमोजिमको ढाँचामा हुनेछ।
तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरुन्त संशोधन गरिनेछ।



CamScanner

## परिच्छेद- २
## उद्देश्य

४. संस्थाको उद्देश्य :- यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ।

(ख) ......................

(ग) ......................

(घ) ......................

(ङ) ......................

(च) ..................आदि।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टाईप राईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ।

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग संस्थाको उद्देश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिने छ।

## परिच्छेद-३
## सदस्यता सम्बन्धि व्यवस्था

६. सदस्यताको वर्गीकरण :- यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरूको वर्गीकरण गरिएको छ :

(क) साधारण सदस्य :- यस विधानको दफा ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरु साधारण सदस्य मानिनेछ।



(ख) आजीवन सदस्य :- दफा ७ अनुसार योग्यता भई चल अचल सम्पति कम्तिमा रु ...............वा सोभन्दा बढि एक मुष्ठ ..............बुझाएमा यस संस्थाको आजीवन सदस्य रहनेछन्।

(ग) संस्थापक सदस्य :- संस्था स्थापना हुदाको कालमा संगठित भई क्रियाशिल भएका सदस्यहरु।

(घ) मानार्थ सदस्य :- संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिने भनि संस्थाले प्रदान गर्ने मानार्थ सदस्य। यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिईने छैन। निजहरुले संस्थाको निर्वाचनमा उम्मेदवारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन् तर राय सल्लाह र सुझाव दिन सक्नेछन्।

७. सदस्यता प्राप्त गर्नको लागि आवश्यक योग्यता :-

यस ................. को विधान र उद्देश्यमा आस्था राख्ने कुनै पनि जात जाति, भाषी र धर्म मान्ने व्यक्ति जो १८ वर्ष पुरा भएका नेपाली नागरिकहरु यस संस्थाको सदस्य हुन पाउने छन्। साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्था हित हुने काम गरेको हुनुपर्नेछ। नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ।

८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :-

(१) देहायको कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन।

(क) गैर नेपाली नागरिक र नेपाली भएपनि १८ वर्ष पुरा नगरेको,

(ख) मानसिक सन्तुलन ठीक नभएको वा अस्वस्थ,

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको, भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र सम्म,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्यता शूल्क बुझाउन बाँकी भएको।



CamScanner

९. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन :-

(क) उपदफा ८ (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा ,

(ख) साधारणसभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा ,

(ग) सदस्यहरुले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ,

(घ) संस्थाको काम कार्वाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यता नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

(क) परिच्छेद नं. ३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहने संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु" सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिने छ ।

(ख) साधारण सदस्यता वापत वार्षिक शुल्क रु ". लाग्नेछ। जुन सुकै महिनामा सदस्य बनेमा वा सदस्यता नविकरण गरेपनि निजले बुझाएको शुल्क सोही सालको चैत्र मसान्तसम्मको लागि मात्र मान्य हुनेछ। अर्को सालको लागि पुनः नियमानुसार प्रत्येक वर्षको बैशाख "'. गते भित्र सदस्यता नविकरण गरिसक्नु पर्नेछ ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहनेछ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ ।

(घ) आजीवन सदस्यता प्रदान गर्न कार्य समितिले सिफारिस गर्नेछ र यसबारे साधारण सभाले स्वीकृती दिनु पर्नेछ ।



## परिच्छेद - ४

## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

**११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरु :-**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ. व. समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिने छ ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति , समय र स्थान छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिईनेछ ।

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पूनः साधारण सभा बोलाईनेछ ।

१२. साधारण सभाको काम कर्तव्य र अधिकार :

(क) कार्य समितिको निर्वाचन गर्ने ।

(ख) कार्य समितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरि पद मुक्त गर्ने ।

(ग) बिधानको अधिनमा रहि आवश्यक नियमावली स्वीकृत गर्ने, कर्मचारी दरबन्दी सृजना गर्ने र निजहरुको पारिश्रमिक निर्धारण गर्ने ।

(घ) संस्थाको वार्षिक निती, कार्यक्रम र बजेट पारित गर्ने ।

(ङ) लेखा परीक्षक नियूक्त गर्ने निजको पारिश्रमिक तोक्ने ।

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।



CamScanner

(छ) विधान बमोजिम अन्य कार्य गर्ने ।

(ज) संस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने।

१३. कार्य समिति :-

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ । कार्यसमितिको संख्या ऐनको दफा ४ अनुसार ( ७ देखि २१) आवश्यक पदाधिकारी राखी तलको ढाँचामा हुन पर्नेछ ।

| | |
|---|---|
| १. अध्यक्ष | - १ जना |
| २. उपाध्यक्ष | - १ जना |
| ३. सचिव | - १ जना |
| ४.सहसचिव | - १ जना |
| ५.कोषाध्यक्ष | - १ जना |
| ६. सदस्य | -.......... जना |

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ । समितिमा कम्तिमा तेत्तिस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनैकार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति, कार्य समितिद्वारा गर्न सकिनेछ। कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्य काल सम्म लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।



(च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्त सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा, बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतको सहि/छापलाई गणपुरक मानिनेछ ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद -६

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१४. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

१. अध्यक्ष

(क) कार्य समितिको बैठक संचालन गर्ने ।

(ख) बैठकमा निर्णायक मत दिने ।

(ग) साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यान्वयन र रेखदेख गर्ने गराउने ।

(घ) संस्थाको सम्बन्धित सम्पूर्ण कुराहरुको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने ।

(ङ) विभिन्न संस्था वा अन्य निकायसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(च) संस्थाको पदाधिकारी सदस्यहरुको काम बाँडफाँड गर्ने ।

(छ) संस्थाको उद्देश्य प्राप्तिको लागि अन्य कार्य गर्ने ।



CamScanner

२. उपाध्यक्ष :-

(क) अध्यक्षको अनुपस्थितिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने ।

(ग) विधानले तोके अनुसार र अध्यक्षद्वारा प्रत्यायोजित कार्य गर्ने ।

३. सचिव :-

(क) अध्यक्षको निर्देशन अनुसार साधारण सभाको र कार्यकारिणी समितिको बैठक बोलाउने ।

(ख) संस्थाको दैनिक प्रशासकीय कार्य गर्ने ।

(ग) संस्थाको रेखदेख, नियन्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति तथा निकायसँग समन्वय र पत्राचार गर्ने ।

(घ) साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट पेश गर्नु पर्ने वार्षिक प्रगति प्रतिवेदन भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने ।

(ङ) साधारण सभा र कार्यकारिणी समितिको निर्णय बमोजिम कार्य गर्ने गराउने ।

(च) संस्थाको बिल, भौचर, दर्ता, चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पारदर्शिकताका साथ राख्ने,राख्न लगाउने ।

(छ) बैठकको कार्यसूची तयार गर्ने, सूचना गर्ने, निर्णय पुस्तिका लेख्ने र सुरक्षित राख्ने ।

४. सहसचिव :-

(क) सचीवको अनुपस्थितिमा निजले गर्ने कार्य गर्ने ।

(ख) विधानले तोके अनुसार र सचीवद्वारा प्रत्यायोजित कार्य गर्ने ।

५. कोषाध्यक्ष :-

(क) संस्थाको हिसाब श्रेस्ता दुरुस्त राख्ने ।

(ख) आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा कार्यकारिणी समितिमा पेश गर्ने ।

(ग) आर्थिक प्रशासनको कार्य गर्ने ।

(घ) आर्थिक हिसाब पारदर्शी रुपमा दुरुस्त राख्ने ।

(ङ) बैंकमा खाता खोली कोष स्थापना गर्ने र संस्थाको चल अचल सम्पतिको संरक्षण सम्वर्द्धन र सदुपयोग गर्ने ।

(च) प्रत्येक आर्थिक बर्षको हिसाबको लेखा परीक्षण गराउने ।



६. सदस्य :-

(क) नियमित बैठकमा उपस्थित भई सक्रिय रुपमा छलफलमा भाग लिने ।

(ख) कार्यकारिणी समितिले दिएको जिम्मेवारी तादुरुकताका साथ निर्वाह गर्ने ।

(ग) संस्थाको उद्देश्य बमोजिमको काम गर्न क्रियाशिल रहने ।

(घ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

१५. गणपुरक संख्या :- कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

१६.संस्थाको कोष :-

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहनेछन् :

(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।

(ख) कुनै निकाय वा व्यक्तिले स्वेच्छाले उपलब्ध गराएको अनुदान रकम ।

(ग) ऋण ।

विदेशी संस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

१७. खाता संचालन :- संस्थाको अध्यक्ष, सचीव मध्ये एक जना र कोषाध्यक्ष सहित दुई जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार रकम खर्च गर्ने तथा सो को श्रेष्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

१८. संस्थाको लेखा र लेखा परीक्षण :-

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा प्रमुख प्रशासकीय अधिकृतले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट..............हुनेछ। प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ। लेखा परीक्षकको वार्षिक प्रतिवेदन गाउँपालिका, समाज कल्याण परिषद लगायत आवश्यकतानुसार सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद - ७
## निर्वाचन सम्बन्धि व्यवस्था

१९. निर्वाचन सम्बन्धी व्यवस्था :-

(क) प्रत्येक कार्य समितिको पदावधि पद सम्हालेको मितिले ३ बर्षको हुनेछ। पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै कार्य समितिले एक जना निर्वाचन अधिकृत र दुई जना सहायक गरि तीन जना मनोनयन गरि निजहरुद्वारा निर्वाचनको व्यवस्था गर्नेछ। संस्था दर्ता भएको १ बर्ष भित्र विधान अनुसार चुनाव गराई सो को जानकारी गाउँपालिकालाई दिईनेछ।

(ख) निर्वाचन गर्नुपर्दा एउटा निर्वाचन समिति गठन गरिनेछ। त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वतः विघटन हुनेछ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

२०. उम्मेदवार हुने योग्यता :-

(क) नेपाली नागरिक

(ख) कुनै कानूनद्वारा अयोग्य नठहरेको।

(ग) संस्थाको उद्देश्य बमोजिम काम गर्न प्रतिबद्ध रहेको।

(घ) संस्थाको सदस्य हुनुपर्ने।

२१. अविश्वाशको प्रस्ताव :-

(क) सिंगो कार्य समिति वा समितिका कुनै पदाधिकारी उपर विश्वाश छैन भने कुल सदस्य संख्याको १/३ तिहाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् त्यस्तो प्रस्ताव माथि छलफल गरी उक्त प्रस्तावलाई समितिले ३५



दिन भित्र विशेष साधारण सभा बोलाउनेछ र २/३ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भए सिंगो कार्य समिति वा पदाधिकारी पद मुक्त हुनेछन्। आरोपित व्यक्तिलाई १५ दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ। तोकिएको समयमा आफ्नो सफाई पेश नगरे निज स्वतः पद मुक्त हुनेछ।

२२. विधान संशोधन :- कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गरि पठाउनुपर्नेछ। प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात् मात्र संस्याको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

२३. विनियम बनाउन सक्ने :- संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ र सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ।

२४. तदर्थ समिति :- संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नुपर्नेछ। सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ।

२५. संस्था खारेज :-

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्नसक्नेछ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु संस्याको हिसाब किताव जाँच गर्नका लागि वा एक भन्दा बढि लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन्।लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन्।

(४) विविध कारणवश संस्था विघटन भएमा यसको चल अचल सम्पति गाउँपालिकाको हुनेछ।



CamScanner

२६. ऐन अनुसार हुने :- यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् र यसमा भएका व्यवस्थाहरु प्रचलित कानूनहरुसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

२७ नियम पालना :- गाउँपालिकाबाट प्राप्त निर्देशन संस्थाले पूर्ण रुपले पालना गर्नेछ ।

२८. संस्थापकहरुको मञ्जुरी :- हामी..................संस्थाका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै विधानमा सहिछाप गर्दछौं ।

| क्र. सं. | संस्थापकको नामथर र ठेगाना | पद |
|---|---|---|
| १. | ................................................... | अध्यक्ष |
| २. | ................................................... | उपाध्यक्ष |
| ३. | ................................................... | सचिव |
| ४. | ................................................... | सहसचिव |
| ५. | ................................................... | कोषाध्यक्ष |
| ६. | ................................................... | सदस्य |
| ७. | ................................................... | सदस्य |
| ८. | ................................................... | सदस्य |
| ९. | ................................................... | सदस्य |

## विधानको अनुसूची (१)

१. छाप अण्डाकार / गोलाकार / वा .............. हुनेछ ।
२. ............... भित्रको घेराको वरिपरि ""लेखिएको हुनेछ ।
३. छापको ......... स्थानमा स्थापना मिति २०.......... हुनेछ ।
४. अन्य कुनै चिन्ह वा विवरण भए सोहि अनुसार व्याख्या गर्ने ..........
५. तपशिल अनुसारको हुने भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्पष्ट रुपमा लेखिएको हुनुपर्ने ।

(छाप)

आज्ञाले,
नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत



CamScanner